अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ९५

मितिः२०७७/०३/२१

उपस्थितिः

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुङ्ग | सदस्य | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| आमन्त्रित | श्री चूडामणि निरौला | | |
| | | | |

हरी कुमार राना मगर

नगर प्रमुख

मिति २०७७/०३/२१ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१. कोभिड १९ महामारी नियन्त्रण रोकथाम तथा क्वारेन्टाइन व्यवस्थापन लगायत उक्त महामारीसँग सम्बन्धित अन्य सम्पूर्ण कार्यहरुलाई प्रभावकारी र व्यवस्थित ढंगबाट संचालन गर्नका लागि अ.न.पा अन्तर्गत गठन भएका विभिन्न किसिमका समितिहरुलाई विगठन गरी नगर उप-प्रमुख श्री कमला आचार्यको अध्यक्षतामा कोभिड १९ रोग रोकथाम, न्यूनिकरण र व्यवस्थापन साथै सामाग्री आपूर्ति गर्न निम्नानुसारको **आपूर्ति तथा क्वारेन्टाइन व्यव्थापन समिति** गठन गर्ने ।

निम्न

| | |
|---|---|
| नगर उप-प्रमुख – श्री कमला आचार्य | संयोजक |
| नेकपा नगर अध्यक्ष श्री प्रेमसागर सापकोटा | सदस्य |
| ने.का.नगर सभापति श्री हेमराज खरेल | सदस्य |
| एफ. एन. सी .सी. आई.प्रतिनिधि श्री बसन्त सोमानी | सदस्य |
| सी.ओ.सि.प्रतिनिधि श्री पुष्प रेग्मी | सदस्य |
| प्रेस क्लब अध्यक्ष श्री कुमार भट्टराई | सदस्य |
| व्यवसायी श्री नविन गट्टानी | सदस्य |
| जिन्सी शाखा प्रमुख श्री तिबेन्द्र अधिकारी | सदस्य |
| स्वास्थ्य शाखा संयोजक श्री मुकुन्द बस्नेत | सदस्य सचिव |

२. आ.व २०७७/७८ का लागि तयार भएको वार्षिक बजेट परिमार्जन/ शंसोधन सहित पारित गरी सातौँ नगर सभामा पेश गर्ने ।

३. अ.न.पा वडा नं. ३ मा संचालित रेविज रोग विरुद्धको खोप कार्यक्रमको भुक्तानी हुन बाँकी रहेको विल बमोजिमको खर्च भुक्तानी दिने ।

४. यस अर्जुनधारा नगरपालिकाबाट भारत लगायत तेस्रो मुलुकमा वैदेशिक रोजगारी र अन्य कामका लागि गएका व्यक्तिहरु धमाधम घर फर्कने क्रम बढिरहेको सन्दर्भमा शनिश्चरे मा.वि.मा रहेको क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुको चाप दिनानुदिन बढिरहेकोले थप क्वारेन्टाइन बनाउनु पर्ने भएको उपरोक्त समितिले अध्ययन गरि थप क्वारेन्टाईन स्थापना गराउने ।

५. अर्जुनधारा नगरपालिका वडा नं ६ बस्ने श्री खेमराज गुरुङ्गको आर्थिक अवस्था अत्यन्त्यै कमोजोर भएकोले निजलाई घर निर्माणको लागि आगामी आ.व. मा रु २०००००।– (अक्षरेपी दुइ लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने ।

६. मिति २०७७/०३/१८ को वोर्ड बैठकको निर्णय अनुसार अ.न.पा १० को लागि जेष्ठ नागरिक भ्रमण कार्यक्रममा विनियोजन भएको रकम वडा कार्यालयको सिफारिसमा शंसोधन गरि स्वास्थ्य चौकीको भौतिक पुर्वाधार निर्माणमा रकमान्तर गर्ने निर्णय भएकोमा उक्त शीर्षकको रकम यथावत कायमै राखि सो वडामा बिनियोजोन भएको रकम मध्ये महिला लक्षित वर्गको रकमबाट रकामान्तर गरि स्वास्थ्य चौकीको भौतिंक पूर्वाधार निर्माणमा खर्च गर्ने गरि रकमान्तर गर्ने ।

७. अ.न.पा. ३ स्थित टाङटिङ खोला पश्चिम हालसालैको वाढीले खेतीयोग्य जमिन कटान गरि डुवानको समेत समस्या सिर्जना भएको हुँदा वडा कार्यालयको सिंफारिस अनुसार सो स्थानमा तारजाली भर्नका लागि टाङटिङ जलाधार संरक्षण समितिलाई ४० (चालीस) थान तार जाली उपलब्ध गराउने

अर्जुनधारा नगरपालिका

*नगर कार्यपालिकाको बैठकका निर्णयहरु बैठक संख्या ९५* *मिति २०७७/०३/२१*

८. अ. न.पा .३ को सुखानी खोला पूर्व ब्राटो उत्तर २५० मिटर तर्फ खेतीयोग्य जमिन कटान गरि क्षति पुर्याएको हुँदा सो सम्बन्धमा स्थानीय सरोकारवालाहरुको माग बमोजिम स्थलगत निरीक्षण समेत भई सकेको सन्दर्भमा कटान नियन्त्रणका लागि वडा कार्यालयको समेत सिफारिस भई आएकोले तत्काल उक्त कटान भै रहेको क्षेत्रको बाढी नियन्त्रण र व्यवस्थापनका लागि २०(बीस) थान तारजाली उपलब्ध गराउने।

९. अर्थ सम्बन्धी राजस्व असुली सम्बन्धी विधेयकमा भएको विद्यमान व्यवस्थामा निम्नानुसार थप गर्नु पर्ने

क) अ.न.पा. क्षेत्र भित्र संचालन भएका क्रसर उद्योगहरुको वार्षिक नविकरण शुल्क वापत रु ५०००/-(पाँच हजार) शुल्क लिने।

ख) अ.न.पा.क्षेत्र भित्र रहेका क्रसर उद्योगलाई व्यवस्थित गर्न खोला बन्द हुनु भन्दा अघि पछि योजजना शाखा र नगर अनुगमन समितिले अनुगमन गरि लिखित प्रतिवेदन पेश गर्नु पर्ने।

ग) विभिन्न समयमा नगरपालिकाले गरेको नदिजन्य उत्खनन् नियन्त्रण सम्बन्धी गरिएको जरिवानाको रकम अर्थ सम्वन्धी विधेयकमा समावेश गर्ने।

१०. अर्जुनधारा नगरपालिका वडा नं ८ बस्ने पत्रकार मित्र श्री प्रेम आचार्य आकस्मिक दुर्घटनामा परि घाईते हुनु भएकोले स्वास्थ्य उपचारार्थ आर्थिक सहयोग वापत रु १५०००/-(पन्ध्र हजार ) रकम स्वास्थ्य लाभको कामना सहित उपलब्ध गराउने।

११. संघ, प्रदेश तथा अन्य विभिन्न निकायहरुबाट यस अ.न.पा.को लागि बिभिन्न शीर्षकहरुमा बिनियोजित रकम मध्ये लकडानउनको कारण खर्च हुन नसकी बाँकी रहेको रकम नियमानुसार स्वत: फिर्ता जाने हुँदा उक्त रकमहरु यथावत कायम गराउन नगरपालिक संघलाई जानकारी गराउन योजना तथा प्राविधिक शाखालाई जिम्मेवारी दिने।

१२. हाल विश्वव्यापी प्रकोपको रुपमा फैलिएको सलह किराबाट कृषि क्षेत्रमा हुने संभावित जोखिम न्यूनिकरण गर्न यस नगरपालिका भित्रबाट सलह किरा पक्रि ल्याउने व्यक्तिलाई प्रति के.जी. रु १००/-का दरले कृषि विकास शाखाले खरिद गरी दाना उद्योगलाई कृषि शाखा मार्फत नै प्रति के .जी .रु ५०/-का दरले बिक्री गर्ने व्यवस्था मिलाउने र त्यसका लागि विपद् व्यवस्थापन कोषबाट रु ५०००००/-(पाँच लाख ) रकम विनियोजन गर्ने।

१३. अ.न.पा .क्षेत्र भित्र हुने विकास निर्माणसँग सम्वन्धित कामका लागि तपसिल अनुसारको स्थानीय दररेट निर्धारण समिति गठन गर्ने।

| | |
|---|---|
| उप-प्रमुख श्री कमला आचार्य | संयोजक |
| पूर्वाधार संयोजक श्री रमेश त्रिखत्री | सदस्य |
| वडा अध्यक्ष वडा नं १० श्री बलदेव गोम्देन | सदस्य |
| वडा अध्यक्ष वडा नं ७ श्री नवराम ढुङ्गाना | सदस्य |
| एफ.एन .सी.सी.आई. प्रतिनिधि | सदस्य |
| निर्माण व्यवसायी प्रतिनिधि श्री | सदस्य |
| ईन्जिनियर श्री निरज अधिकारी | सदस्य सचिव |

१४. स्थानीय दररेट निर्धारण समितिमा एफ.एन.सी.सी.आई र निर्माण व्यवसायीहरुको तर्फबाट प्रतिनिधि माग गर्ने।

१५. मेची उद्योग वाणिज्य संघको आयोजनामा मेची नगर नगरपालिकामा संचालन भएको तेस्रो पूर्वाञ्चल महोत्सव संचालनार्थ अर्थिक सहयोग माग भई आएको हुँदा रु ५००००/-(पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने।

२१/०२/२०७७

हरी कुमार राना मगर
नगर प्रमुख